संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६५ पुस २३**

---

**उच्चायुक्तको कार्यालय-नेपालद्वारा *कमलरी* प्रथा अन्त्य गर्न तथा हराएका बालिका तथा महिलाहरूको खोजी गर्न कदम चाल्न सरकारलाई प्रोत्साहन**

उच्चायुक्तको कार्यालय-नेपालले गरिब थारू परिवारका किशोरीहरूलाई निजी घरमा पठाइने र यसरी उनीहरू यौन शोषणलगायतका कठोर शोषणको जोखिममा पर्ने *कमलरी* प्रथाको अन्त्य गर्ने कुनै पनि ठोस कदम नचालिएको कुरालाई चिन्ताका साथ ध्यानमा लिएको छ। *कमलरी* प्रथालगायतको बालशोषणलाई निषेध गर्ने विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन गर्न सर्वोच्च अदालतले २०६३ भदौ २५ गते दिएको आदेशका बाबजुद सो काम गरिएको छैन।

उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रका ६०० *कमलरीहरू*को प्रतिनिधित्व गर्ने दश सदस्यीय प्रतिनिधिमण्डलसँग पुस २२ गते भेट गर्नुभयो। उनीहरू सर्वोच्च अदालतको सो आदेशको कार्यान्वयनका साथै सबै *कमलरी*को मुक्ति र पुनर्स्थापना एवं हराएका *कमलरीहरू*को अवस्था स्पष्ट पार्न र यौन तथा अन्य प्रकारको शोषणमा परेका *कमलरीहरू*लाई न्याय दिलाउने अभियानमा काठमाडौंमा रहेका छन्। सो अभियानले जनवरीको मध्यमा मनाइने थारूहरूको *माघी* पर्वका क्रममा *कमलरी* राख्ने प्रथाको अन्त्य गर्न पनि आह्वान गरिरहेको छ।

उच्चायुक्तको कार्यालय–नेपालको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले दाङस्थित नागरिक समाज सञ्जाललाई *कमलरी* प्रथाको अन्त्य गर्न तथा पूर्व *कमलरी* तथा तिनका परिवारलाई सहयोग गर्नमा सहयोग पुऱ्याउँदै आएको छ। यस्तो सहयोगमा अन्तर्राष्ट्रिय मानवअधिकार खाकासम्बन्धी बुझाइ तथा ज्ञानको अभिवृद्धि गर्ने, वकालती औजारहरू उपलब्ध गराउने, जानकारी आदानप्रदानमा सुधार तथा मानवअधिकार उल्लङ्घनका प्रतीकात्मक घटनाहरूको अनुगमन गर्ने कार्य पर्दछन्।

> "ऋण चुक्ता गर्न चरम दबाबमा परेपछि बाबुआमाले अन्तिम उपायका रूपमा आफ्ना छोरीहरूलाई *कमलरी* बन्न पठाउँछन् भन्ने कुरा स्पष्ट छ। तीमध्ये धेरैजना बेचिन्छन्," बेनेटले भन्नुभयो। "यस प्रथालाई निषेध गर्न, बेपत्ता *कमलरीहरू*को खोजी गर्न तथा यस प्रथाबाट पीडित भएकाहरूको पुनर्स्थापना गर्ने ठोस कदम चाल्न म सरकारलाई आग्रह गर्दछु।"

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**



60 UNIVERSAL DECLARATION OF HUMAN RIGHTS